# इलाम नगरपालिका नगरसभाको अठारौं अधिवेशनमा प्रस्तुत आ.व. २०८३/८४ को बजेट बक्तव्य

**सभाका अध्यक्ष महोदय, सभाका सदस्य ज्युहरु,**

इलाम नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकका हैसियतले म आगामी आ. व. २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । यस अवसरमा म सर्व प्रथम लोकतान्त्रिक गणतन्त्र नेपालको आधार निर्माणका लागि जिवन उत्सर्जन गर्ने शहिदहरुमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । नेपालको परिवर्तनका लागि गरिएका संघर्षका क्रममा बेपत्ता भएका, घाइते भएका तथा पिडित भएका महानुभावहरुमा स्वास्थ्य लाभको कामना तथा सम्मान व्यक्त गर्दछु ।

**सभाका अध्यक्ष महोदय,**

आज हामी हाम्रो कार्यकालको पाँचौं बजेट तथा कार्यक्रम उपर छलफल तथा पारित गर्ने क्रममा उपस्थित भएका छौं । इलाम नगरवासीहरुको अमूल्य मतबाट प्राप्त भएको जनादेश बमोजिम उपलब्ध साधन स्रोतलाइ इलाम नगरपालिकाको आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास क्षेत्रमा समानुपातिक रुपमा विनियोजन गरि समुन्नत इलाम सम्पन्न इलामेलीको दुरदृष्टि बमोजिम हामीले नीति योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएका छौं । साधन स्रोत र संस्थागत क्षमताको सिमितताका बाबजुद नगर क्षेत्रको विकास र उन्नतिका लागि प्रयासरत रहँदाका अवस्थामा भएको आन्दोलनका क्रममा भएको विध्वंसात्मक कार्य र सो को लगत्तै घटेको अकल्पनीय विपद् का कारण भएको क्षतिले नगर क्षेत्रको विकासमा ठूलो चूनौती र जटीलता सिर्जना भयो । यस चुनौतीका विच हामी आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाइ अधिकतम् प्रभावकारी र नतिजामुखी हुने गरि तर्जुमा र स्वीकृत गर्ने प्रयास गर्दैछौं । वर्तमान समयमा नागरिकले आश्वासनभन्दा उपलब्धि, घोषणाभन्दा परिणाम र योजनाभन्दा प्रत्यक्ष परिवर्तनको अपेक्षा गरेका छन्। त्यसैले प्रस्तुत बजेटलाई कार्यान्वयनमुखी, परिणाममुखी र नागरिकमैत्री बनाउने सोचका साथ सुशासन, पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सूचना प्रविधि, उद्यमशीलता तथा दिगो आर्थिक विकासलाइ प्राथमिकता दिइ बजेट प्रस्ताव तयार गरिएको छ ।

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि म यस चालु आ. व. को बार्षिक बजेट तथा कार्यक्रमको हालसम्मको कार्यान्वयन अवस्थाको संक्षीप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

- ❖ चालु आ. व. २०८२/८३ को लागि सत्रौं नगर सभाबाट इलाम नगरपालिकाको कुल रु.१ अर्ब १४ करोड ३४ लाख १३ हजार को अनुमानित आय तथा व्यय नगर सभाबाट स्वीकृत भई कार्यान्वयनमा रहेकोमा संघिय तथा प्रदेश सरकार लगायतबाट सशर्त लगायतका बजेट थप तथा गत आ.व. को अल्या समेतका कारण रु. १ अर्ब १७ करोड ८० लाख ५१ हजार को संशोधित आय तथा व्यय सहितको बजेट तथा कार्यक्रम सञ्चालनमा रहेको छ ।

- ❖ उक्त अनुमानित आय को २०८३ साल जेठ महिनाको अन्त्य सम्ममा ९५% प्रगति हाँसिल भएको छ । आ. व. २०८२/८३ को आन्तरिक आम्दानी गत आ.व. को सोही अवधिको तुलनामा १२ प्रतिशतले बृद्दि भएको हुँदा राजस्व लक्ष्य प्राप्त गर्न सहज नै देखिएको छ ।
- ❖ चालु आर्थिक बर्षको जेठ मसान्त सम्ममा ६५% खर्च प्रगति भएको व्यहोरा म यस सम्मानित नगरसभामा जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अव म यस सम्मानित सभामा आगामी आ. व. २०८३/८४ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने कानुनी आधार, हाम्रो अभ्यास, बजेट तथा कार्यक्रम र कार्यान्वयन पद्दति पेश गर्ने अनुमति चाहन्छु ।

**(क) कानुनी आधार**

नेपालको संविधानको धारा २२९ मा नगरपालिकाको संचित कोष र सो कोषबाट धारा २३० अनुसार नगरपालिकाको राजस्व र व्ययको अनुमान यस नगरसभामा पेश गर्ने संवैधानिक प्रावधान अनुसार बजेट बनाउँदा संघीय अर्थ मन्त्रालय र प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त मार्गदर्शन, नेपालको संविधानको अतिरिक्त स्थानीय सरकार सन्चालन ऐन, २०७४ को मार्गदर्शन लाई आधार मानिएको छ । ऐनको दफा २४ मा नगरपालिकाभित्र के कस्ता योजना बनाउने भन्ने कुरा प्रष्ट कानूनी रूपमा उल्लेख गरिएको छ । यस्तै सविधानको धारा २२९ मा उल्लिखित नगरपालिकाको संचितकोषमा जम्मा हुने नगरपालिकाको आय रकमका सम्बन्धमा ऐनको दफा ६५ मा उपप्रमुखको संयोजकत्वमा रहेको स्थानीय राजस्व परामर्श समितिबाट ऐनको दफा ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ अनुसारको सेवा र क्षेत्रमा स्थानीय कर राजस्व र गैर कर राजस्वका लागि प्राप्त परामर्शका आधारमा नेपालको संविधानको धारा २२९(२) अनुसार यस सभामा इलाम नगरपालिकाको आर्थिक विधेयक, २०८३ का आधारमा इलाम नगरपालिकाको आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रम रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सभाका अध्यक्ष महोदय**,

अब म आगामी आ. व. २०८३/८४ को लागी यस सभामा प्रस्तुत इलाम नगरपालिकाको आर्थिक बिधेयक, २०८३ मा नगरपालिकाबाट लगाईएका बिबिध कर तथा गैर कर राजस्वको दायरा र दर तथा बाह्य आयतर्फ नेपाल सरकार तथा कोशी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सशर्त अनुदान तथा राजस्व बाँडफाडबाट प्राप्त हुने रकम, अन्य सरकारी तथा विकासका साझेदार निकायबाट प्राप्त हुने रकम, गत सालको खर्च नभई सरेको रकम लाई सञ्चित कोषमा समावेश गरी खर्च गर्नु पर्ने र हिसाव राख्नु पर्ने सम्पूर्णलाई आयमा समावेश गरिएको छ।

यस सम्मानित सभामा आ.व. २०८३/८४ को राजस्वको मूल विशेषताहरु सक्षिप्त रुपमा निम्नानुसार भएको व्यहोरा उल्लेख गर्न चाहन्छु ।

- ❖ मौजुदा करहरुको दर भन्दा दायरा बढाउने नीति लिइएको छ ।

- ❖ राजस्व असुलीमा प्रभावकारिता कायम गरि तथा संभावित चुहावट नियन्त्रण गरि राजस्व बृद्धि गर्ने रणनीति लिइएको छ ।
- ❖ नयाँ करका क्षेत्रहरुको पहिचान गरि राजस्व आधार बढाउने नीति लिइएको छ ।
- ❖ कर सहुलियत तथा छुट मार्फत कर सहभागिता बृद्धि गर्ने रणनीति अबलम्बन गरिएको छ ।
- ❖ सामाजिक संरक्षण गर्नु पर्ने वर्गलाइ छुट र सहुलियत प्रदान गर्ने व्यवस्था गरिएको छ ।

**सभाका अध्यक्ष महोदय,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (६) मा भएको व्यवस्था अनुसार बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्ष पछि अर्को आर्थिक वर्ष को समेत बजेट प्रक्षेपण गर्नुपर्ने कानुनी व्यवस्था अनुसार आर्थिक वर्ष २०८४/८५ को लागि कुल बजेट रु १ अर्व २३ करोड ५२ लाख ३३ हजार को बजेट प्रक्षेपण गरेको छु ।

आ.व. २०८३/८४ को कुल राजस्व समेतको आम्दानी रु १ अर्ब १७ करोड ६४ लाख १३ हजार को बजेट देहायानुसार विनियोजन गरेको छु ।

(१) विनियोजनका सीमा र आधारहरु

- कार्यालय सञ्चालनका अनिवार्य खर्च,
- नगरबासीहरुको विकास र समृद्धिको चाहना,
- सवै क्षेत्र-वर्ग र तहको समानुपातिक विकासका लागि गर्नुपर्ने लगानी,
- विकासका साझेदारहरुसँग गर्नुपर्ने सहकार्यका लागि चाहिने श्रोतको व्यवस्था,
- टोल/बस्ती स्तरबाट छनौट र प्राथिमिकिकरण भै आएका योजनाहरुको संख्या र आवश्यकता,
- यसै सम्मानित सभामा पेश भएको विनियोजन प्रस्ताव,

(२) विषयगत र क्षेत्रगत रुपमा विनियोजित बजेट तथा कार्यक्रमलाई विश्लेषण गर्दा निम्नानुसार रहेकोछ

- प्रशासनिक खर्च तर्फ कुल बजेटको १४% रहेको छ,
- पूर्वाधार विकासतर्फ कुल बजेटको २२%
- सामाजिक विकासतर्फ कुल बजेटको ५४%
- आर्थिक विकासतर्फ कुल बजेटको ६%
- सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ कुल बजेटको २%
- वन वातावरण तथा विपद व्यवस्थापन तर्फ कुल बजेटको २%

(३) खर्चको प्रकृतिका आधारमा विश्लेषण गर्दा चालु प्रकृतिको खर्च ६४%, पुँजिगत प्रकृतिको खर्च ३४% र वित्तिय व्यवस्था तर्फको खर्च २ प्रतिशत रहेको छ ।

(४) यसरी बजेट रकम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसूचीमा राखी पेश गरिएको छ ।

(५) बजेट न्यून भई सम्पादन हुन नसक्ने महत्वपूर्ण कार्यक्रम तथा योजनाहरुलाई बहुबर्षीय कार्यक्रमको रुपमा सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइने छ ।

(६) टोलबस्ती वडा हुदै नगरसम्म प्राथमिकिकरण भई आएका तर रकम विनियोजन गर्न नसकिएका योजनाहरुलाई प्रदेशस्तर र संघीयस्तरका योजनामा वर्गिकरण गरि योजना बैंकमा राखि स्रोत खोजी गर्न सक्ने व्यवस्था मिलाईने छ ।

(७) यसै सभामा पेश भएको विनियोजन प्रस्तावले निर्धारण गरेको रकम रु १ अर्ब १७ करोड ६४ लाख १३ हजारलाई योजना तथा कार्यक्रमहरुमा विनियोजन गरि स्वीकृत विवरण इलाम नगरपालिकाको आ.व. २०८३/८४ को विनियोजन विधेयक र यसका अनुसूचीहरुमा संलग्न राखी प्रस्ताव गरेको छु ।

माथि उल्लिखित सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन गर्न प्राप्त गर्ने आम्दानी र खर्चको विवरण पूर्णता दिन यसै बजेट तथा कार्यक्रमको सम्पूर्ण तथा अभिन्न अङ्गको रुपमा यस सम्मानित सभा समक्ष इलाम नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि पेश गरेको छु ।

प्रस्तुतकर्ता
विष्णु कुमारी लिम्बू दाहाल
उपप्रमुख
मितिः २०८३/३/०९